यज्ञश । २०७४ । *भुइयाँ* । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पुस्तक *भुइयाँ*मा पत्रकार यज्ञशले भूमिहीनका कष्टबारे थुप्रै प्रश्न केलाउने जमर्को गरेका छन् । गरीबी, भूमिहीनता, आर्थिक र शैक्षिक पछौटेपनका कारण पछि परेका वा पारिएका भुइँवर्गका थुप्रै कथा पुस्तकमा समेटिएका छन् । "साना कथा" शीर्षकको प्राक्कथनमा समाजमा भूमिहीन वर्गको उदय गराउन र उनीहरूलाई सामाजिक प्रतिष्ठाको पिँधमै राखिरहन कसरी र कसले मुख्य र सहायक भूमिका निर्वाह गरिरहेछन् भन्नेबारे उल्लेख छ । साथै, पुस्तक भूमि आन्दोलनको इतिहासबारे नभएर त्योसँग सम्बन्धित र भूमिहीन हुनुको पीडा भोगेका जनताबारे भएको कुरा यस खण्डमा बताइएको छ । भूमिहीनको प्रोफाइलजस्तो लाग्ने यो पुस्तकमा समेटिएका १२ कथाले राज्यका नागरिक हुनुको अपनत्व बोध गर्न नपाएका सीमित नागरिकका आक्रोश पाठकसामु ल्याएका छन् । यी सबै कथाका घेराबाट निस्केका प्रश्नले राज्यप्रति औँला ठड्याएको भान हुन्छ । गैरआख्यान भए पनि आख्यानको स्वाद आउने यस पुस्तकका मसिना कथामा भुइँमान्छेहरूको संघर्ष उतारिएको छ । नेपालको पूर्वी र पश्चिमी भेगका विविध ठाउँमा स्थलगत अध्ययनपछि तयार पारिएका यी संघर्ष कथामा मान्छेले गर्ने संघर्ष र दुःखको पराकाष्ठा नभएको ठहर हुन्छ ।

भूमिसँग जीवनभर समीप रहेर, त्यसैमा रगत-पसिनाको मेहनत खन्याएका भए पनि ती भुइँमान्छेहरूको अपनत्वमा त्यही भूमि किन आउँदैन? भूमिहीनमाथि शोषणको प्रपञ्च कसले रचिरहन्छ ? र, भूमिहीनहरूको समस्या समाधान गर्न "महाभारत" छैन, तैपनि शासकहरू किन समस्या समाधानमा चासो राख्दैनन् ? इत्यादि प्रश्नको मानवशास्त्रीय र समाजशास्त्रीय लेन्सबाट उत्तर खोज्ने जमर्को यस किताबमा लेखकले गरेका छन् । यस अर्थमा समाजशास्त्र र मानवशास्त्र जस्ता समाज विज्ञानका विधामा रुचि राख्नेका लागि यो किताब राम्रो खुराक हो ।

किताबको शीर्षक *भुइयाँ*ले भुइँ वा जमिनको अर्थ बोक्छ । यसमा परेका सम्पूर्ण कथाले भूमिको असमान वितरण र त्यसले उब्जाएका परिणामबारे बोलेका छन् । सम्पत्ति मात्र नभएर प्रतिष्ठाको विषयसमेत रहेको भूमिले समाजका तल्लो वर्गलाई झन्झन् पीडा दिइरहेको लेखकको ठहर छ । बन्जर ऐलानी भूमिलाई पसिनाले सिँचेर थातथलो बनाइसकेपछि त्यसलाई आफ्नो नाममा दर्ता गर्ने जतिसुकै प्रयास खेर गइरहन्छ भूमिहीनको । त्यस्तो जग्गा सत्तामा रहनेको नाममा दर्ता भएको थाहा पाउँदा भूमिहीन कृषक दिक्क मान्छन्, तर यस्तै अप्ठ्यारो उनीहरूलाई ऊर्जा बन्छ । लेखक प्रश्न गर्छन् : "जो जमिनमा बसेकै छैन, काम गरेकै छैन, आएकै छैन, उसको नाममा दर्ता गर्न मिल्ने जग्गा त्यसलाई बस्ती बनाउनेहरूकै नाममा चाहिँ दर्ता गर्न किन नमिल्ने ?" (पृ. १२४) । यसले शक्तिशाली वर्गका कारण भूमिहीन कसरी हेपिएका छन् भन्ने तथ्यलाई उजागर गर्छ ।

समाजमा पछि परेकाहरूको लागि क्रान्ति गरेको भन्ने माओवादी जस्तो शक्तिशाली र छिट्टै सत्तामा पुगेको दल पनि यी वर्गप्रति उदासिन भएकोमा पुस्तकमा उल्लिखित ताराले भनेको वाक्यको विशेष अर्थ छ : "आफ्नो लागि लड्ने बेला माओवादी खुब आए । अहिले हाम्रा लागि लड्ने बेलामा खोइ कहाँ छन् ? अहिले आउनुपऱ्यो नि होइन र ?" (पृ. ८६) । यस्तो आक्रोशले बताउँछ, सत्ता प्राप्तिपछि नयाँ र आसलाग्दा राजनीतिक दल कसरी पतित भए र जनताको काम गर्न बिर्सिए ।

भूमिबारे धेरै रोचक तथ्य बताइरहँदा लेखक भन्छन् : "राणाकालदेखि नै सरकार र शासकहरूले बाँडेका जमिन पाउनेमा एक जना पनि दलित छैनन् । आजसम्म कुनै पनि दलितले बिर्ता जग्गा पाएका छैनन् भनिन्छ" (पृ. १२३) । भूमिहीन वर्गको उदयसँगै देशमा राजनीतिक उथलपुथलले उनीहरूलाई धेरथोर चेतनशील बनायो । अध्याय "तातो कराइ" ले नेपालगन्जबाट चार किलोमिटर परको वनघुस्री गाउँकी सलमाबारे बताउँछ जसले भूमिअधिकारको चेतना गाउँमा आए पछिको परिणाम र जटिलताका धेरै घटनाबारे पाठकलाई जानकारी दिन्छ । बटैया गरेर जीविकोपार्जन गर्ने सलमा बेहेनालाई कसैले सुनाउँछ—बटैया गरेको उत्पादन बुझाउँदा भर्पाई लिनुपर्छ, नभए जमिनदारले हेप्ने मौका पाउँछ । कुरा सही हो जस्तो लागेपछि सलमाले पनि आफ्नो जमिनदारबाट भर्पाईको माग गर्नुले भूमिहीनको बढेको चेतनालाई प्रस्ट्याउँछ । पुस्तकमा सलमाहरूले गरेको विद्रोहको मज्जाको फेहरिस्त छ—भूमिहीनलाई भूमि अधिकारबारे सिकाएको फेहरिस्त, भूमिहीन हुनुमा राज्य र सामुदायिक परिस्थितिबाट प्राप्त पीडाबोधको फेहरिस्त, र भूमिहीनताको समस्या किन र कसरी समाधानयोग्य छ त्यसको फेहरिस्त । सलमाजस्ता प्रतिनिधि पात्रको संघर्ष भूमि अधिकार माग्दैमा टुंगिँदैन । पुस्तकबाट थाहा हुन्छ, उनी जस्तैका लागि लड्ने भनिएका राजनीतिक दल उनलाई पर्दा आएनन्, जसले दल प्रतिको भरोसा कमजोर बनाएर जनतालाई कसरी आक्रोशित बनाइरहेको छ भन्ने कुरा देखाउँछ ।

भूमि अधिकारका लागि काम गर्ने कतिपय संस्थाले शुरूमा भूमिहीनलाई उचाल्ने तर पर्दा नआइदिने गरेको तथ्य यो किताबबाट थाहा हुन्छ । आन्दोलनमा लाग्न उकास्ने तर त्यसलाई पार लगाउन नसक्नेहरूसँग सलमा बेहेना रिसाएकी छन् । उनी रिसाएकी छन्, माओवादी र अधिकारवादी दुवैसँग ।

पुस्तकमा अटाएका पार्वती राजीहरू चाहन्छन् कि सरकार उनीहरूको "झुपडी जलाउन नआओस्, उनीहरूको आन्दोलनमा लाठी हान्न मात्रै नआओस्, घर बनाउन पुग्ने जग्गा दिने सरकार आओस्" (पृ. ३३) । उनीहरू गरीखान मात्रै पुग्ने जग्गा दिने सरकारको खोजीमा छन्, जसले उनीहरूलाई मान्छे हुनुको अधिकार, आमा हुनुको अधिकार, नागरिक हुनुको अधिकार पनि दिलाओस् । पार्वती डगौरा र चुके चौधरीको प्रेमकथाभित्र अनेक फ्रेम छन् । कथाका सम्पूर्ण पाटा पढिसक्दा लाग्छ यो एउटा गतिलो उपन्यास हो जसमा

एउटा मान्छेको दुःखका अनगिन्ती लहरको कहर छ । कमैया चुके चौधरीहरूबारे पढ्दा थाहा हुन्छ कमैया मुक्ति र पुनःस्थापना भन्नु सरकारले हचुवामा गरेको निर्णय रहेछ । कमैया मुक्तिको नाममा चुके चौधरीहरूले सरकारले दिएको जग्गा पनि पाएनन् भने उता बन्धकीको जग्गा पनि छुट्यो ।

अध्याय "श्रीलंका खोला" (पृ. ७५) मा तारा बिकको कथा छ । तारा बिक भूमि आन्दोलनमा सक्रिय छिन् । उनी यस्ती नेतृत्वकर्ता हुन् जसलाई भूमिहीनका असली पीडा थाहा छ । तारालाई यो पनि थाहा छ, असल नेताले आफ्नो मात्र होइन सबैको दुःख हेर्छ । राजनीतिक दलप्रति कडा व्यंग्य सहित तीव्र आक्रोश व्यक्त गर्छिन् तारा : "हामी पहिले काँग्रेस थियौँ । त्यतिबेला काँग्रेस गरीबको पार्टी थियो । राजा र बाबुसाहेबहरूको शासनमा काँग्रेस गरीबको नाममा लड्यो । हामीलाई लाग्यो, यो पार्टी हाम्रो हो । यसले हाम्रा कुरा गर्छ । तर, पछि त यो कसको पार्टी भयो कसको । सरकारमा पुगेपछि त उनीहरू नै बाबुसाहेब बने" (पृ. ८६) । देशका ठूला सबै दललाई भन्न बाँकी राखेकी छैनन् ताराले : "त्यसपछि एमाले आयो । एमालेले बोल्दा पहिलेको काँग्रेसले बोलेजस्तो लाग्यो । गरीबलाई जमिन दिलाउँछु भन्यो एमालेले । हामीलाई हो न हो, यसैले हाम्रो उद्धार गर्छ भन्ने लाग्यो । हामी एमाले भयौँ । पछि त यो पनि डुबेको सूर्यजस्तै भयो । यो पार्टी पनि कसको भयो कसको ।" पछिल्लो राजनीतिक धारमा केही दशकयता देखिएको माओवादीबारे उनको उस्तै टिप्पणी छ : "यसपछि आयो माओवादी । माओवादी सबैभन्दा कडा थिए । सबैभन्दा पहिला यिनै भाँचिए" (पृ. ८६) । यसरी हेर्दा लाग्छ यी भूमिहीन गरीबहरूलाई सबभन्दा बढी पिरोल्ने पात्र हुन् राजनीतिक दल र तिनका नेता ।

*भुइयाँ*का पात्रहरूले सोधिरहेका छन्—संघर्षको हद के हो ? आफ्नो नाममा सिन्का ठड्याउने जग्गा पनि नहुँदाको दुःख के हो ? तारा भन्छिन् : "अब त जंगल पनि आफ्नो छैन । हाम्रा बेलामा जस्तो दाउरा निकाल्न पाइँदैन । कत्रा कत्रा तस्करलाई सरकारले केही गर्दैन । मान्छेले यही बनको काठ बेचेर करोडौँ कमाए । हामीले भने भात पकाउने दाउरा पनि पाउँदैनौँ" (पृ. ८१) ।

केही प्रसंगमा किताबको अवधारणा अनुसारका कथा (भूमि र भूमिहीनसँग सम्बन्धित) नभेटिएर होला, भन्नुपर्ने खास कथा भन्दा भन्दै, नभने पनि हुने कथातिर लेखक अलमलिएका छन् । यसो गर्दा लेखक घरिघरि धेरै नै भावनात्मक पनि देखिएका छन् । हटाए पनि हुने प्रसंग लम्ब्याइएको छ । जस्तै, गंगामाया बानियाँले शिक्षा पाउन लडेको लम्बेतान कथा, जहाँ छोरी नपढाउने बुबाआमाबाट भागेर काठमाडौँमा गरेको संघर्ष समेटिएको छ । गंगामायाको कथा पढ्दा त रमाइलै लाग्ला, तर संघर्षका सबै प्रसंग आउँदा चाहिँ छोट्याउनु पर्ने राय पाठकले मनमनै दिन्छन् । यद्यपि, गंगामायाले पढ्न-लेख्न गरेको त्यतिका संघर्ष

उनको पछिल्लो जीवनको सुख प्राप्तिको लागि जरुरी रहेको भने देखाउँछ । त्यही संघर्ष छोटकरीमा आउनुपर्थ्यो ।

गैरआख्यानमा घरि कथा जस्तो, घरि धारिलो उपन्यास जस्तो गरी पढ्न आनन्द लाग्ने गरी लेखिएका यी सबै संघर्ष कथामा लेखकले सरल ढंगमा तथ्यांक पनि प्रस्तुत गरेका छन्, जसले पढ्दाको लयलाई कत्ति पनि बिगारेका छैनन् । सबै अध्यायमा उस्ताउस्तै लाग्ने पात्रको नामले भने पाठक अलमलिने जोखिम देखिन्छ । पुस्तकमा लेखकले टन्नै बिम्बहरू प्रयोग गरेका छन् जसले भूमिहीन सबाल्टर्नका दुःखको गहिराइ नाप्न सघाउँछ । यद्यपि, केही बिम्ब प्रयोग अलि नमिलेको भान हुन्छ । जस्तै, "उदास बालुवा, पल्टिएका ढुंगा" (पृ. ९०) । यो पढ्दा लाग्छ, बालुवा पनि उदास हुन्छ र ! "पल्टिएका ढुंगा" भनेको के होला ?

किताबमा अटाएका यी सबै घटनालाई लेखकले आक्रोशदेखि करुणा सम्मको कथा भनेका छन् । अन्तिम खण्डमा लेखकले भने झैँ यी मानिसहरूको अनवरत संघर्ष एउटा सग्लो जीवन बाँच्नका लागि मात्रै हो । सग्लो जीवनका लागि यति कष्टपूर्ण यात्रामा अनवरत लीन यी पात्रले भोगेको जीवन राजनीतिको भकारी भरेर सधैँ यिनलाई सत्ता प्राप्तिका लागि भऱ्याङ बनाउनेहरूले कहिले बुझिदिने हुन्, यो अनुत्तरित प्रश्न सहित पुस्तक टुंगिएको छ ।

**सिपी अर्याल**
साउथ एशियन युनिभर्सिटी, नयाँ दिल्ली